Sikkim Express 28/07/19

# Work starts on alternative Rangpo-Rorathang road

SANJAY AGARWAL

**RANGPO, July 27:** More than a week after a stretch of Rangpo-Rorathang road collapsed near Rangpo, snapping road connectivity; State government is working towards re-linking Rorathang, Rhenock, Rongli and other areas with Rangpo.

The State authorities today started work on alternative road from Rangpo to Kumrek on the other side of Sikkim Distilleries unit and they are hopeful of restoring connectivity by the first week of August.

Some 40 metres of road had collapsed and plunged into a stream below Sikkim Distilleries unit on July 18. The road disruption had affected regular commuters and industrial units located at Kumrek and beyond.

According to the district administration, the alternative route is only a temporary solution. The road which leads up to Indo-China border at Nathu La is maintained by BRO and the central agency is expected to work on re-building the road.





# रम्फू–रोड़ाथाङ वैकल्पिक सड़क निर्माण कार्य शुरू

**रम्फू, २७ जुलाई :** सड़क चस्केको कारण दस दिनदेखि अवरूद्ध भएको रम्फू–कुम्रेक मार्गमा आजदेखि पूर्व जिल्ला प्रशासनको सहयोगमा एउटा वैकल्पिक मार्ग निर्माणको काम शुरू भएको छ। गत १८ जुलाईको दिन सिक्किम डिस्टिलेरिज कारखाना नजिक सड़क दबेको कारण रम्फूदेखि कुम्रेक, रोड़ाथाङ, रिनाक, रंगली, पाकिम, नथुला सहित बीस भन्दा अधिक गाउँ बीच आवत जावत पूर्व रूपले बन्द भएको थियो। अति आवश्यक मानिसहरूले कुम्रेकदेखि जंगलको बाटो भएर विभिन्न औद्योगिक एकाईहरूद्वारा निर्मित फुटपाथबाट आफ्नो गन्तव्य पूरा गरिरहेका थिए भने कतिपयले रेशी सिम्काना वा पाकिम, रानीपूल हुँदै आफ्नो गन्तव्य पूरा गरिरहेका थिए। कुम्रेकदेखि जंगलको बाटो भएर रम्फू आउने फुटपाथ अति नै चिप्लिने र उकालो भएको कारण धेरै जना लड़ेको या त हिँड्ने बानी नभएकाहरू बेहोससम्म भएको बताइएको छ। बीस भन्दा अधिक औद्योगिक एकाई रहेको क्षेत्रमा सड़क अवरूद्ध भएको कारण कम्पनीहरूलाई पनि करोड़ौंको आर्थिक नोक्सानी खपन भइरहेको थियो। आजदेखि पूर्व जिल्ला प्रशासनद्वारा वैकल्पिक मार्ग खनन कार्य शुरू गरिएको र सबैको साथ भए अगस्तको पहिलो हप्तासम्म सड़क सुचारू हुने अनुमान गरिएको छ। यो सड़क अस्थायी रहेको र यो बाटो सीमा सड़क संगठनले हेर्ने गरेकोले तिनीहरूले व्यवस्था मिलाएपछि यो मार्ग बन्द गरिने जनाइएको छ।